श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहायका जिल्लाहरूमा उक्त ऐन आजकै मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

१. ओखलढुङ्गा
२. सिन्धुपाल्चोक
३. मनाङ
४. जाजरकोट
५. प्यूठान

### सूचना २

श्री ५ को सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको परिच्छेद २ देहायका जिल्लाहरूमा आजकै मितिदेखि प्रारम्भ हुने गरी तोकिएको हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. मनाङ
२. जाजरकोट
३. प्यूठान
४. सिन्धुपाल्चोक
५. ओखलढुङ्गा

### सूचना ३

श्री ५ को सरकारले जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ८ को उपनियम २ क. ले दिएको अधिकार प्रयोग गरी निम्न जिल्लाको निम्न नगरपालिका क्षेत्रहरूका लागि आजकै मितिदेखि जग्गाधनीको बर्ता प्रमाणपूर्जाको ढाँचा उक्त नियमावलीको अनुसूची ५ बमोजिम हुने गरी तोकेको छ ।

| सि.नं | जिल्ला | नगरपालिका क्षेत्र |
|---|---|---|
| १. | झापा | भद्रपुर |
| २. | सप्तरी | राजविराज |
| ३. | सिरहा | लाहान |
| ४. | धनुषा | जनकपुर |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।